# सुन्दरहरैंचा राजपत्र

**सुन्दरहरैंचा नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड-९, भाग-२, सङ्ख्या-८, सुन्दरहरैंचा राजपत्र, मिति : २०८२/१२/०५**

**प्रमाणीकरण मितिः २०८२/१२/०५**

## सुन्दरहरैंचा नगरपालिकाका स्थानीय सेवाका कर्मचारीलाई व्यापार, व्यवसाय वा अन्य कार्य गर्न पूर्व स्वीकृति दिने सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः-** स्थानीय सेवाका कर्मचारीलाई कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७७ बमोजिम व्यापार व्यवसाय गर्न वा सोही ऐनको दफा ७८ को उपदफा (३) को खण्ड (ख) र (ग) बमोजिम प्रबचन दिन वा कार्यपत्र प्रस्तुत गर्न र कार्यालय समय बाहेकको समयमा शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न पूर्व स्वीकृति दिने सम्बन्धमा स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी सुन्दरहरैंचा नगरपालिकाले यो मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "सुन्दरहरैंचा नगरपालिकाका स्थानीय सेवाका कर्मचारीलाई व्यापार, व्यवसाय वा अन्य कार्य गर्न पूर्व स्वीकृति दिने सम्बन्धी मापदण्ड, २०८२" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) "ऐन" भन्नाले कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले सुन्दरहरैंचा नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सुन्दरहरैंचा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

(घ) "कर्मचारी" भन्नाले सुन्दरहरैचा नगरपालिकाको कार्यालयमा स्थानीय सेवाको स्थायी, अस्थायी तथा करार तर्फ विभिन्न पदमा कार्यरत व्यक्ति सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

३. **शर्त सहित पूर्व स्वीकृति दिन सकिनेः** (१) प्रचलित कानुन बमोजिम दर्ता गराउनुपर्ने कुनै व्यापार व्यवसाय गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्नेगरी पूर्व स्वीकृति दिन सकिनेछ :-

(क) कार्यालय समयभन्दा बाहिरको समयमा गर्नुपर्ने ।

(ख) कार्यालयको काममा कुनै बाधा नपर्नेगरी गर्नुपर्ने ।

(ग) प्रचलित कानून अनुसार कर तिर्नुपर्ने ।

(घ) एक पटकमा बढीमा तीन आर्थिक बर्षका लागि स्वीकृति दिन सकिने ।

(२) स्वदेश वा विदेशमा हुने कुनै कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न देहाय बमोजिमका शर्तहरु पालना गर्ने गरी पूर्वस्वीकृति दिन सकिनेछः-

(क) कार्यालयको काममा कुनै बाधा नपर्नेगरी गर्नुपर्ने ।

(ख) नेपाल सरकारको नीति विपरित नहुनेगरी गर्नुपर्ने ।

(ग) स्वदेशमा भए एक पटकमा बढीमा तीन आर्थिक बर्षका लागि स्वीकृति दिन सकिने ।

(घ) विदेशमा हुने कार्यक्रमका लागि एक पटकमा एउटा कार्यक्रमका लागि मात्र स्वीकृति दिन सकिने ।

(ङ) आफूले प्रबचन दिएको वा कार्यपत्र प्रस्तुत गरेको विषयमा आफू कार्यरत कार्यालयमा जानकारी गराउनु पर्ने ।

(३) शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्नः-

(क) विदा स्वीकृत गराएको अवस्थामा बाहेक कार्यालय समय बाहिरको समयमा गर्नुपर्ने ।

(ख) कार्यालयको काममा कुनै बाधा नपर्नेगरी गर्नुपर्ने ।

(ग) प्रचलित कानुन बमोजिम कर तिर्नु पर्ने ।

(घ) एक पटकमा बढीमा तीन आर्थिक बर्षका लागि स्वीकृति दिन सकिने ।

४. **पूर्व स्वीकृति माग गर्ने प्रक्रियाः-** (१) ऐनको दफा ७७ बमोजिम व्यापार व्यवसाय गर्न पूर्व स्वीकृति लिन चाहने स्थानीय सेवाको कर्मचारीले अनुसूची-१ मा उल्लेख भए बमोजिमको फाराम भरी निवेदनसाथ आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) ऐनको दफा ७८ को उपदफा (३) को खण्ड (ख) र (ग) बमोजिम स्वदेश वा विदेशस्थित कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्न र शैक्षिक, प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्न पूर्व स्वीकृति लिन चाहने निजामती कर्मचारीले अनुसूची - २ मा उल्लेख भए बमोजिमको फाराम भरी निवेदनसाथ आफू कार्यरत कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) निवेदनसाथ फाराम प्राप्त भए पछि सम्बन्धित कार्यालयले ऐन, नियमावली र यो मापदण्डमा उल्लेख भएका प्रावधान पालना गरी पेश भए नभएको छानविन गरी दर्ता गर्नु पर्नेछ ।

(४) पहिले पूर्व स्वीकृति प्राप्त गरी सो अवधि समाप्त भई पुनः पूर्व स्वीकृतिका लागि निवेदन पेश गर्ने स्थानीय सेवाका कर्मचारीले यस अगाडि काम गर्दा गरेको आम्दानी वा प्राप्त भएको पारिश्रमिक र बुझाएको करको प्रमाण समेत संलग्न गर्नु पर्नेछ ।

५. **पूर्व स्वीकृति दिने निकाय र अधिकारीः-** (१) ऐनको दफा ७७ बमोजिम कुनै ब्यापार व्यबसाय गर्ने पूर्व स्वीकृति प्रदान गर्दा सबै प्रकारका स्थानीय सेवाका कर्मचारीलाई कार्यपालिकाबाट ।

(२) ऐनको दफा ७८ को उपदफा (३) को खण्ड (ख) बमोजिम स्वदेशमा हुने कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्नः-

(क) आधारभूत, सहायकस्तर तथा अधिकृतस्तरका आठौ तहसम्मका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतबाट।

(ख) अधिकृत नवौ वा सो भन्दा माथिल्लो तहका कर्मचारीलाई कार्यपालिकाबाट ।

(३) ऐनको दफा ७८ को उपदफा (३) को खण्ड (ख) बमोजिम विदेशमा हुने कार्यक्रममा सहभागी हुन, प्रवचन दिन वा कार्यपत्र प्रस्तुत गर्नः-

(क) आधारभूत र सहायकस्तरका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतबाट ।

(ख) अधिकृतस्तरका कर्मचारीलाई कार्यपालिकाबाट।

तर ऐनको दफा ६६ र ६७ बमोजिम मनोनयन भई विदेश भ्रमणमा जाने स्थानीय सेवाको कर्मचारीलाई यस्तो स्वीकृति आवश्यक पर्ने छैन।

(४) ऐनको दफा ७८ को उपदफा (३) को खण्ड (ग) वमोजिम शैक्षिक प्राज्ञिक वा प्रशिक्षण संस्थामा प्रशिक्षण वा अनुसन्धान गर्नः

(क) आधारभूत, सहायकस्तर तथा अधिकृतस्तरका आठौ तहसम्मका कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतबाट।

(ख) अधिकृत नवौ वा सो भन्दा माथिल्लो तहका कर्मचारीलाई कार्यपालिकाबाट ।

(५) कार्यपालिकाले आफ्नो अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई तथा प्रमुख प्रशासकीय अधिकृतले अधिकृतस्तरको कर्मचारीलाई आफ्नो पूर्व स्वीकृती दिने अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

६. **प्रचलित कानुनबमोजिम हुने** : यस मापदण्डमा व्यवस्था भएका विषयहरू यसै मापदण्ड र उल्लेख नभएका विषयहरू प्रचलित कानुनबमोजिम हुनेछ।

७. **बाधा अड्काउ फुकाउने अधिकार** : यस मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक व्यवस्थापन गर्न तथा बाधा अड्काउ फुकाउन सक्नेछ।

८. **बचाउ तथा खारेजीः-** (क) यो मापदण्ड लागु हुनुभन्दा पहिले पूर्व स्वीकृती लिएका कर्मचारीहरूले यस मापदण्डबमोजिम पुनः स्वीकृती लिनुपर्ने छैन।

(ख) यो मापदण्ड प्रचलित संघीय तथा कोशी प्रदेशबाट जारी भएका ऐन, नियमसँग बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

## अनुसूची - १

(दफा ४ को उपदफा (१) संग सम्बन्धित) कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७७ बमोजिम पूर्व स्वीकृति माग गर्दा भर्नु पर्ने फाराम

| सि.नं. | पूर्व स्वीकृति माग गर्ने कर्मचारीको नाम | हाल कार्यरत स्थानीय तह | पद/तह | सेवा, समूह र उपसमूह | पूर्व स्वीकृती माग गरेको विषय | पूर्व स्वीकृति माग गरिएको व्यापार व्यवसायको संक्षिप्त व्यहोरा | व्यापार व्यवसाय गरिने ठेगाना | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

पहिले पूर्व स्वीकृति प्राप्त गरी व्यापार, व्यवसाय गरेको भए सोको विवरण र कर तिरेको प्रमाण पेश गर्नेः-

**सम्बन्धित कर्मचारीको**
दस्तखतः
नाम, थरः
पदः
कार्यालयः
मितिः

**सम्बन्धित कर्मचारी कार्यरत निकाय प्रमुखको**
दस्तखतः
नाम, थरः
पदः
कार्यालयः
मितिः

**नोटः-** व्यापार व्यवसायको लागि कार्यपालिकाबाट निर्णय हुने हुँदा पूर्व स्वीकृति दिनुपर्ने औचित्य समेत खुलाई प्रशासन शाखाले कार्यपालिका समक्ष प्रस्ताव पेश गर्ने ।

## अनुसूची -२

(दफा ४ को उपदफा (१) संग सम्बन्धित) कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ७८ बमोजिम पूर्व स्वीकृति माग गर्दा भर्नु पर्ने फाराम

| सि.नं. | पूर्व स्वीकृति माग गर्ने कर्मचारीको नाम | हाल कार्यरत स्थानीय तह | पद/तह | सेवा, समूह र उपसमूह | पूर्व स्वीकृती माग गरेको विषय | पूर्व स्वीकृति माग गरिएको व्यापार व्यवसायको संक्षिप्त व्यहोरा | व्यापार व्यवसाय गरिने ठेगाना | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

पहिले पूर्व स्वीकृति प्राप्त गरी कार्य गरेको भए सोको विवरण र कर तिरेको प्रमाण पेश गर्नेः-

| **सम्बन्धित कर्मचारीको** | **सम्बन्धित कर्मचारीको शाखा प्रमुखको** | **स्वीकृती दिने अधिकारी** |
|---|---|---|
| दस्तखतः | दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः | नाम, थरः |
| पदः | पदः | पदः |
| कार्यालयः | कार्यालयः | कार्यालयः |
| मितिः | मितिः | मितिः |

**नोटः-** पूर्व स्वीकृति प्रदान गर्नुपर्ने औचित्य समेत खुलाई सम्वन्धित शाखा प्रमुखले पूर्व स्वीकृति प्रदान गर्ने निकायमा सिफारिस गर्ने।

**आज्ञाले**
**गणेशराज कार्की**
**प्रमुख प्रसासकीय अधिकृत**